# मेगा प्रेस रिलिज

## मेगा बैंकका ग्राहकहरुलाई नर्भिक अस्पतालमा पनि विशेष छुट

काठमाडौँ, १५ साउन । मेगा बैंक नेपाल लिमिटेडका ग्राहकहरुलाई काठमाडौँको थापाथलीस्थित नर्भिक अस्पतालले विशेष छुट दिने भएको छ ।

मेगा बैंक नेपाल लिमिटेड र नर्भिक अन्तर्राष्ट्रिय अस्पताल बीच मंगलबार मेगा बैंकको मुख्य कार्यालय राइजिङ मलमा सम्झौता पत्रमा हस्ताक्षर भएको छ । सोही सम्झौता बमोजिम मेगा बैंकका ग्राहकहरुलाई नर्भिक अस्पतालले स्वास्थ्य उपचारमा विशेष छुट र प्राथमिकता दिने भएको हो ।

सम्झौता अनुसार, नर्भिक अस्पतालले दिईरहेको बार्षिक स्वास्थ्य परिक्षण प्याकेजको नियमित छुटमा मेगा बैंकको ग्राहकलाई थप ५ प्रतिशत छुट दिने भएको छ । यसैगरी, प्याथोलोजी, रेडियोलोजी, सिटी स्क्यान, एमआरआई, मेम्मोग्राम, मुटुसम्बन्धी उपचार र शल्यक्रियामा १०-१० प्रतिशत छुट दिने भएको छ । साथै, अस्पतालमा भर्ना हुने ग्राहक र उनको परिवारले ५ प्रतिशत छुट पाउने छन् । मेगा बैंकका डेबिट र क्रेडिट कार्ड प्रयोगकर्ता ग्राहकलाई नर्भिकले फास्ट ट्र्याक मेडिकल केयर सर्भिस दिनुका साथै आकस्मिक एम्बुलेन्स सेवा समेत प्रदान गर्ने भएको छ ।

ग्राहकहरुको स्वास्थ्यलाई ध्यानमा राख्दै मेगा बैंकले यस प्रतिष्ठित अस्पतालसँग साझेदारी गरेको हो । यो सेवाबाट मेगा बैंकका पाँच लाख भन्दा बढी ग्राहक र उनीहरुको परिवार लाभान्वित हुने भएका छन् ।